लिखु गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

डुँडे, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.स०७९/०८०

च.न

लिखु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

मिति: २०७९।०७।१७

## सूचना! सूचना !! सूचना!!!

बिषय:समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सि.बि.आर) प्रस्तावना पेश गर्ने सम्वन्धि पुन: सूचना प्रकाशन गरिएको बारे ।

दोस्रो पटक प्रकाशित मिति २०७९।७।१७

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशबाट आ.ब.०७९।०८० को स्वीकृत बार्षिक कार्यक्रम अनुरुप अपांगता भएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम र स्वाबलम्बन बनाउने उद्धेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहवाट सञ्चालन हुने अपांगता भएका व्यक्तिहरुलाई**समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम ( सि.बि.आर)"** यस गाउँपालिका भित्र अपांगता सम्बन्धि कामगर्ने गैर सरकारी संस्थाहरुको साझेदारीमा संचालन गर्न १५(पन्ध्र) दिने सुचना जारी गरिएकोमा सूचना प्रकाशित भएको म्यादभित्र कुनै पनि दरखास्त प्राप्त नभएको हुँदा दोस्रो पटक मिति २०७९।७।१७ गते देखि ७ दिन भित्र योग्यता पुगेका इच्छुक गैर सरकारी संस्थाहरुले तपसीलको रित र शर्त पूरा गरी प्रस्तावना पेश गर्न सूचना जारी गरीएको छ। सामाजिक विकास मन्त्रालयवाट प्राप्त निर्देशिका बमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ ।

<u>तपसिल</u>

**१) दरखास्त साथ बुझाउनु पर्ने कागजात**

क) अपांगता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात।

ख) संस्था दर्ता नवकिरण, विधान, प्रशासनीक तथा आर्थिक नियमावलीको छायांप्रती।

ग) समाज कल्याण परिषद्को आवद्धता पत्र।

घ) गत वर्षको बार्षिक प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन।

ङ) संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात ।

**२) प्राथमिकता :**

क) संस्था यस गाउँपालिका भित्रको दर्ता गरी सुचीकृत भई कार्यरत रहेको (त्यस्तो संस्थानभएमा)

ख) नुवाकोट जिल्ला भित्र कार्यरत संस्था।

३) प्रस्तावनामा कुनै प्रशासनीक खर्च उल्लेख गर्न पाईने छैन।

४)प्रस्ताव अपांगता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि (शिक्षा, स्वास्थ्य, सिपविकास, नेतृत्वतालिम लघु कर्जा, सहायक सामाग्री आदी) गरी आयआर्जन तथा स्वावलम्वी बनाउन लक्षित हुनुपर्ने ।

५) प्रस्तावना दर्ताका लागि कुनै शुल्क लाग्ने छैन ।

६)कार्यक्रम सम्पन्न गर्ने समय : २०७९ पौष मसान्तभित्र ।

२०७९।७।१७

महेश बहादुर बम

प्रमुख प्रशासकीय अधिकृत

इमेल:likhu.nuwakot@gmail.com, info@likhumunnuwakot.gov.npवेबसाइट: likhumunnuwakot.gov.np